# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## कृषि क्षेत्र नेपालको आर्थिक सम्बृद्धिको आधार : गभर्नर डा. नेपाल




गभर्नर डा. चिरंजीबि नेपालले मिडिया इण्टरनेसनलद्वारा माघ ६ गते राजधानीमा आयोजित राष्ट्रिय कृषि नीति र कृषि कर्जा विशेष कार्यक्रमको उद्घाटन गर्नु भयो । कार्यक्रमको प्रमुख अतिथिका रुपमा सम्बोधन गर्नुहुँदै गभर्नर डा. नेपालले कृषि क्षेत्र निकै महत्वपूर्ण भएकाले नै कृषि क्षेत्रको विकास र व्यावसायीकरणका लागि विगत केही वर्षदेखि पर्याप्त बजेट व्यवस्था गरिएको कुरा उल्लेख गर्नुभयो । उहाँले कृषि नीतिको प्रभावकारी कार्यान्वयन र राजनैतिक स्थायित्वको प्रत्याभूति हुन सकेमा कृषिमा लगानी बढ्ने र कृषि क्षेत्रले फड्को मार्ने धारणा राख्नुभयो । कृषि क्षेत्रमा चुनौती मात्र होइन अवसर पनि रहेको बताउँदै उहाँले ऋण लिएपछि नियमानुसार चुक्ता गर्नुको सट्टा विभिन्न कारण देखाउँदै मिनाहा गराउन खोज्ने प्रवृत्ति बढ्दै गएकोमा चिन्ता व्यक्त गर्नुभयो । कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको ठुलो हिस्सा रहेको आंकडा पेस गर्नु हुँदै उहाँले गत आर्थिक वर्षमा नेपालजस्तो कृषिप्रधान देशले उल्लेख्य मात्रामा चामल, तरकारी र फलफूल आयात गरेको देखिनु विडम्वनापूर्ण रहेको भन्नुभयो । कृषिमा लगानी अभिवृद्धि गर्न कृषि कर्जामा ब्याज अनुदान र नेपाल राष्ट्र बैंकले कृषि कर्जाको लागि बैंक तथा वित्तीय संस्थाहरूलाई पुनरकर्जा दिने व्यवस्था रहेको जानकारी समेत उहाँले दिनुभयो । गभर्नर डा. नेपालले कृषि व्यवसायीहरुलाई आफ्नो व्यवसायको प्रचारप्रसार गरी अनुकरणीय उदाहरण पेस गर्न र कृषिलाई उपलब्ध गराइएको सुविधाको उपयोग गरी लाभान्वित हुन सुझाव दिनुभयो । उहाँले बैंक तथा वित्तीय संस्थाहरुलाई उपयुक्त कृषि व्यवसायमा कर्जा लगानी गर्न आग्रह गर्नुभयो ।

सो कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक शिवनाथ पाण्डेले Agriculture Policy and Status of Agriculture Loan विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका प्रमुख, कृषि मन्त्रालयका प्रतिनिधि, कृषिजन्य उद्यमी, कृषि क्षेत्रमा कार्यरत विभिन्न संघसंस्थाहरुको प्रतिनिधिको सहभागिता रहेको थियो ।

**२०७२ माघ ६, बुधबार** **गभर्नरको कार्यालय**